संघीय संसद

प्रतिनिधि सभा

# अर्थ समिति

# "सार्वजनिक ऋण व्यवस्थापन विधेयक" सम्बन्धी समितिको प्रतिवेदन,२०७९

**संघीय संसद**

**प्रतिनिधि सभा**

**सिंहदरबार, काठमाडौं**

## "सार्वजनिक ऋण व्यवस्थापन विधेयक" सम्बन्धी समितिको प्रतिवेदन, २०७९

प्रतिनिधि सभाको मिति २०७६ फागुन २३ गते बसेको बैठकले प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १०९ को उपनियम (१) को खण्ड (ख) बमोजिम "सार्वजनिक ऋण व्यवस्थापन विधेयक" लाई दफावार छलफलको लागि सम्बन्धित समितिमा पठाइयोस् भन्ने प्रस्ताव पारीत गरी अर्थ समितिमा दफावार छलफलको लागि मिति २०७६ फागुन २७ मा प्राप्त भएको थियो जसमा २ जना संशोधनकर्ता माननीय सदस्यहरुबाट एउटा दफामा संयुक्त संशोधन दर्ता भई सम्माननीय सभामुखज्यूबाट छलफलको लागि स्वीकृत भएको थियो।

सो विधेयक माथि मिति २०७९ जेठ २७ गते देखि छलफल प्रारम्भ गरिएको थियो र बैठकमा माननीय अर्थमन्त्रीज्यूले विधेयक प्रस्तुत गर्नुपर्नाको उद्देश्य र कारणका सम्बन्धमा स्पष्ट पार्नु भएपछि विधेयकमा संशोधनकर्ता माननीय सदस्यहरुले संशोधन सम्बन्धमा आ-आफ्नो धारणा राख्नुभएको थियो। समितिको उक्त बैठकमा माननीय अर्थ मन्त्री, अर्थ मन्त्रालयका सचिव, कानून न्याय तथा संसदीय मामिला मन्त्रालयका प्रतिनिधि र सार्वजनिक ऋण व्यवस्थापन कार्यालयका कार्यालय प्रमुखको उपस्थितिमा दफाबार छलफल भएको र समितिको मिति २०७९ जेठ ३१ गतेको बैठकबाट "सार्वजनिक ऋण व्यवस्थापन विधेयक" मा आवश्यक परिमार्जन गरी देहायको निर्णय सहितको प्रतिवेदन सभामा पेश गर्ने भनी समितिले निर्णय गरे अनुसार यो प्रतिवेदन तयार गरिएको छ।

१. सार्वजनिक ऋण व्यवस्थापन सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक (यसपछि "विधेयक" भनिएको) को विधि निर्माण सूत्रमा रहेका "यो बनाएको" भन्ने शब्दहरुको सट्टा "यो ऐन बनाएको" भन्ने शब्दहरु राख्ने।

२. विधेयकको दफा १ को उपदफा (१) मा रहेका "सार्वजनिक ऋण व्यवस्थापन ऐन, २०७६" भन्ने शब्दहरुको सट्टा "सार्वजनिक ऋण व्यवस्थापन ऐन, २०७९" भन्ने शब्दहरु राख्ने।

३. विधेयकको दफा ४ को खण्ड (ञ) मा रहेका "नेपाल सरकार तथा प्रदेश सरकारको" भन्ने शब्दहरुको सट्टा "नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहको" भन्ने शब्दहरु राख्ने।

४. विधेयकको दफा ५ को उपदफा (२) मा रहेका "बाह्र खर्बमा" भन्ने शब्दहरुको सट्टा "अघिल्लो आर्थिक वर्षको कुल ग्राहस्थ उत्पादनको प्रचलित मूल्यमा कायम गर्दा हुने रकमको एकतिहाइमा" भन्ने शब्दहरु राख्ने।

५. विधेयकको दफा ६ को उपदफा (१) मा रहेका "प्रदेश सरकारले" भन्ने शब्दहरुको सट्टा "प्रदेश सरकार वा स्थानीय तहले" भन्ने शब्दहरु राख्ने।

६. विधेयकको दफा ७ को उपदफा (१) मा रहेका "नेपाल सरकार वा सम्बन्धित प्रदेश सरकारले" भन्ने शब्दहरुको सट्टा "नेपाल सरकार, सम्बन्धित प्रदेश सरकार वा स्थानीय तहले" भन्ने शब्दहरु राख्ने।

७. विधेयकको दफा ८ को उपदफा (१) को,-

(१) खण्ड (ख) पछि देहायको स्पष्टीकरण राख्नेः-

"स्पष्टीकरण: यस खण्डको प्रयोजनको लागि "प्रमिशरी नोट" भन्नाले दरपीठ गरी नामसारी गर्न सकिने ऋणपत्र सम्झनु पर्छ र सो शब्दले ट्रेजरी बिललाई समेत जनाउँछ।

(२) खण्ड (ग) पछि देहायको स्पष्टीकरण राख्नेः-

"स्पष्टीकरण: यस खण्डको प्रयोजनको लागि "बियरर बण्ड" भन्नाले ऋणपत्रको प्रमाणपत्र लिई आउनेलाई भुक्तानी दिनु पर्ने ऋणपत्र सम्झनु पर्छ।

(३) खण्ड (घ) पछि देहायको स्पष्टीकरण राख्नेः-

"स्पष्टीकरण: यस खण्डको प्रयोजनको लागि "प्राईज बण्ड" भन्नाले धनीले ब्याजको रकममध्ये सबै वा केही चिठ्ठाद्वारा तोकिए बमोजिम पाउने ऋणपत्र सम्झनु पर्छ।"

८. विधेयकको दफा १० को उपदफा (२) मा रहेका "कार्यालयको" भन्ने शब्दको सट्टा "कार्यालय र सम्बन्धित प्रदेश सरकार वा स्थानीय तहको" भन्ने शब्दहरु राख्ने।

९. विधेयकको दफा १४ को,-

(१) उपदफा (२) झिकी सो पछिका उपदफाहरुको क्रम मिलाउने।

(२) साबिकको उपदफा (३) उपदफाहरुको क्रम मिलाउँदा कायम हुने उपदफा (२) पछि देहायको स्पष्टीकरण थप्नेः-

"स्पष्टीकरण: यस दफाको प्रयोजनका लागि "सार्वजनिक संस्था" भन्नाले नेपाल सरकारको पूर्ण वा अधिकांश स्वामित्व वा नियन्त्रणमा रहेको संस्थान, कम्पनी वा प्रचलित कानून बमोजिम सार्वजनिक स्तरमा स्थापित वा नेपाल सरकारद्वारा गठित संस्थालाई जनाउँछ।"

(३) साबिकको उपदफा (५) उपदफाहरुको क्रम मिलाउँदा कायम हुने उपदफा (४) मा रहेका "उपदफा (२), (३) वा (४) बमोजिम नेपाल सरकारले जमानत वा प्रतिजमानत दिंदा त्यस्तो सङ्गठित संस्था" भन्ने शब्दहरुको सट्टा "उपदफा (२) वा (३) बमोजिम नेपाल सरकारले जमानत वा प्रतिजमानत दिनुपूर्व त्यस्तो सार्वजनिक संस्था" भन्ने शब्दहरु राख्ने।

(४) साबिकको उपदफा (१०) उपदफाहरुको क्रम मिलाउँदा कायम हुने उपदफा (९) मा रहेका "वा सङ्गठित संस्थासँग" भन्ने शब्दहरुको सट्टा "वा सार्वजनिक संस्थासँग" भन्ने शब्दहरु राख्ने।

(५) साबिकको उपदफा (१०) उपदफाहरुको क्रम मिलाउँदा कायम हुने उपदफा (९) पछि देहायको उपदफा (१०) थप्नेः-

"(१०) यस दफा बमोजिम नेपाल सरकारले जमानत वा प्रतिजमानत दिने सम्बन्धमा सिफारिस गर्न राष्ट्रिय योजना आयोगको सम्बन्धित क्षेत्र हेर्ने सदस्य संयोजक, अर्थ मन्त्रालय, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय र जमानत दिने परियोजनासँग सम्बन्धित मन्त्रालयको सचिव सदस्य रहेको एक समिति रहनेछ।"

(७) साबिकको उपदफा (३), (६), (७), (८) र (९) उपदफाहरुको क्रम मिलाउँदा कायम हुने उपदफा (२), (५), (६), (७) र (८) को ठाउँ ठाउँमा रहेका "सङ्गठित संस्था" भन्ने शब्दहरुको सट्टा "सार्वजनिक संस्था" भन्ने शब्दहरु राख्ने।

१०. विधेयकको दफा १५ को उपदफा (२) मा रहेका "जुनसुकै लेखिएको" भन्ने शब्दहरुको सट्टा "जुनसुकै कुरा लेखिएको" भन्ने शब्दहरु राख्ने।

११. दफा २५ को उपदफा (१) मा रहेको "कार्यालयमा" भन्ने शब्द अघि "अन्य प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि" भन्ने शब्दहरु थप्ने।